# कार्यक्रम संचालन तथा कार्यान्वयन मार्गदर्शन, २०७५

## (विज्ञान तथा प्रविधिसँग सम्बन्धित)

आ.व. २०७५/०७६

(प्रदेश सरकार, प्रदेश नं. १, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको (माननीय मन्त्रीस्तर) निर्णयबाट मिति ...२०७५।११।१४ मा स्वीकृत)

प्रदेश सरकार

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश नं. १

विराटनगर, नेपाल

२०७५

बद्रीराज ढुंगाना

प्रदेश सचिव

## विषयसूची


१. नमुना विज्ञान प्रयोगशाला प्रवर्द्धन तथा स्थापना सहयोग (सरकारी स्कूल तथा कलेज स्तरमा) ........ १

२. प्रादेशिक विधि विज्ञान प्रयोगशाला तथा सूचना प्रविधि पार्क स्थापना सम्वन्धी अध्ययन ........ १

३. प्रदेश प्लानेटेरियम तथा विज्ञान संग्रहालय/अनुसन्धान केन्द्र निर्माणको सम्भाव्यता अध्ययन र योजना निर्माण (डी.पी.आर.) ........ २

४. प्रदेश स्थलमा फ्रि वाईफाई हटस्पट स्थापना ........ ३

५. प्रदेश स्तरीय वैज्ञानिक आविष्कार प्रदर्शन सहित सूचना प्रविधि मेला (निजी क्षेत्रको सहयोगमा) ........ ४

६. प्रादेशिक आविष्कार कोष स्थापना ........ ४

७. विज्ञान प्रविधि संग सम्बन्धित सरोकारवालासंग समन्वय गोष्ठी/अन्तरकृया ........ ५

८. विज्ञान प्रविधि सम्बन्धी नीति, नियम र कानुन निर्माण ........ ५

९. विज्ञान प्रविधि सम्बन्धी स्नातकोत्तर तहमा सोधपत्र तयार गर्न विद्यार्थीलाई अनुसन्धान सहयोग ........ ६

१०. अनुगमन तथा मूल्यांकन खर्च ........ ७


बद्रीराज ढुंगाना
प्रदेश सचिव

प्रदेश सरकार, प्रदेश नं. १ अन्तर्गतको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले आ.व. २०७५/०७६ मा संचालन तथा सम्पन्न गर्नुपर्ने विज्ञान तथा प्रविधिको क्षेत्रसँग सम्बन्धित विभिन्न कार्यक्रमहरुका लागि प्रदेश सरकारले जम्मा रू ४,२७,२५,०००।- वजेट व्यवस्था गरेको छ र यि कार्यक्रमहरु प्रादेशिक सरकार/संघीय सरकारले व्यवस्था गरेका जनशक्तिबाट साथै आवश्यक मात्रामा सेवा प्रदायकबाट सेवा खरीद गरी संचालन तथा सम्पन्न गरिनेछ ।

## १. नमुना विज्ञान प्रयोगशाला प्रवर्द्धन तथा स्थापना सहयोग (सरकारी स्कूल तथा कलेज स्तरमा)

**बजेट विनियोजन रु.** (हजारमा) २८,०००।-
**जिम्मेवार निकायः** उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
**सहयोगी निकायः** सामाजिक विकास मन्त्रालय, स्थानीय तहहरु
**समय सिमाः** वार्षिक

कार्यविधीः

- विज्ञान प्रयोगशाला प्रवर्द्धन तथा स्थापनामा अनुदान सहयोग निर्देशिका/मापदण्ड वनाई कार्यन्वयन गरिने ।
- प्रदेशभित्र विज्ञान प्रयोगशाला स्थापना तथा प्रवर्द्धनको लागि सम्भाव्य स्कूल तथा कलेज छनौट गर्न समिति गठन गरिने।
- प्रदेशका प्रत्येक जिल्लाको प्रतिनिधित्व हुने गरी प्रस्ताव आव्हान गरी स्कूल तथा कलेज छनौट गरिने ।
- सामाजिक विकास मन्त्रालयसंगको समन्वयमा स्कूल तथा कलेजलाई अनुदान प्रासिका लागि प्रस्ताव आव्हान गरिने।
- छनौट भएका स्कूल तथा कलेजलाई TOR वनाई अनुदान उपलव्ध गराउने ।
- यस कार्य सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका २०७५, प्रचलित ऐन नियम तथा स्वीकृत नर्मसको पालना गरिनेछ ।

**कार्यक्रम सम्पन्न भएको प्रगति प्रतिवेदन पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नु पर्दछ,**

- कार्यक्रमको भौतिक, भारित तथा वित्तिय प्रगति
- कार्यक्रमको उपलव्धी
- कार्यक्रम सम्वन्धी फोटाहरु

**अपेक्षित उपलब्धिः** २८ गोटा सरकारी स्कूल, कलेजहरुमा नमुना विज्ञान प्रयोगशाला (Modern Science Lab.) को स्तरोन्नती तथा स्थापना भई विद्यार्थीहरूको प्रयोगात्मक अभ्यासमा सहयोग हुनेछ ।

## २. प्रादेशिक विधि विज्ञान प्रयोगशाला तथा सूचना प्रविधि पार्क स्थापना सम्वन्धी अध्ययन

**बजेट विनियोजन रु.** (हजारमा) २,०००।-
**जिम्मेवार निकायः** उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय